# The Baptist Tabernacle of Los Angeles

Mailing Address:
P. O. Box 15308
Los Angeles, CA 90015
Phone: (213) 744-9999
E-mail: rlhymersjr@sbcglobal.net
www.sermonsfortheworld.com
www.baptisttabernacle.com




Dr. Christopher L. Cagan
Pastor

Dr. R. L. Hymers, Jr.
Pastor Emeritus

दिसम्बर 2020

प्रिय मित्रः

हामी सन् 2020 मा कस्तो शैतानी लथालिङ भएर जियौं। राष्ट्रपतिलाई महा अभियोग लगाइयो। कोरोना भाइरसको प्रहार भयो। वनको डढेलोले हाम्रा वनहरूका धेरै भाग नष्ट पर्‍यो। मानिसहरू कम्युनिस्टहरूको पछि लागे र उग्र बनेर हाम्रा सहरहरू जलाए। म आफै पनि प्रचार गर्नका निम्ति खडा हुन सकिनँ। 'पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्‍वासबाट तर्किजानेछन्। झुट बोल्ने मानिसहरूका छलद्वारा नै यो हुनेछ, जुनहरूका विवेक तातो फलामले डामेको जस्तो हुन्छ' (१ तिमोथी ४:१ ,२)। यहाँसम्म कि पोपले समलैङ्गिकतालाई समर्थन गरे। यस्तो लाग्थ्यो,कि सारा संसार विस्फोट हुन तयार छ; येशूले भन्नुभयो,

> 'सूर्य, चन्द्र र ताराहरूमा चिन्ह देखा पर्नेछन् , र समुद्रको गर्जन र छालहरूले पृथ्वीका राष्ट्रहरू सङ्कष्टमा परी व्याकुल हुनेछन्। संसारमा हुन आउने घटनाहरूको आशङ्काले मानिसहरू मूर्च्छा पर्नेछन् , किनकि आकाशका शक्तिहरू डगमगाउनेछन्। त्यसपछि मानिसको पुत्रलाई शक्ति र महा महिमासँग बादलमा आइरहेको तिनीहरूले देख्नेछन्। जब यी कुरा हुन थाल्छन् तब खड़ा होओ र आफ्नो शिर माथि उठाओ , किनभने तिमीहरूको उद्धार नजिकै आइरहेछ। ' (लूका २१:२५-२८)

> 'तर तिमीहरूका आमा-बुबा र दाजुभाइहरू , नातेदारहरू र मित्रहरूले पनि तिमीहरूलाई पक्राइदिनेछन्, र तिमीहरूमध्ये कोही-कोहीलाई तिनीहरूले मार्नेछन्।' (लूका २१:१६)

यी खण्डहरू पढेर पनि हामी बाइबलले अन्तिम दिनहरूको विषयमा गरेका अगमवाणीहरूको समयमा जिइरहेकाछौं भनी नबुझ्न कसरी सक्छौं?

तपाईं भन्नुहुन्छ, 'तर यो ख्रीष्टमसको समय हो।' दिसम्बर सन् १९४१ मा चर्चिल इगंल्याण्डबाट यहाँ आएका थिए, किनकि जापनीहरूले पर्ल हर्बरमा बम खसालेको थियो र हिटलरले लन्डनमा बम खसालिरहेका थिए। चर्चिल व्हाइट हाउसमा राष्ट्रपति फ्रेन्कलिन डी. रुजभेल्टको साथमा थिए। जब राष्ट्रपतिले राष्ट्रिय ख्रीष्टमस वृक्षमा बत्ती जलाउँदा चर्चिलले भने, 'केटाकेटीहरूलाई तिनीहरूका रातको मनोरञ्जन गर्न र खेलहरू खेल्न दिनुहोस्।'

तर तपाईं र म 'अब केटाकेटी' रहेनौं। यो हाम्रो एक मात्र आशा बेथलेहेमका जन्मेका शिशुमा छ भनी थाहा गर्ने समय हो- अनि हाम्रा वास्तविक आशा राजाहरूका राजा र प्रभुहरूका प्रभु येशूको दोस्रो आगमनमा छ।

धेरै अघि सन् १९५० को दसकमा परमेश्‍वरले मलाई एउटा बाइबल पद दिनुभयो,जसले धर्मत्यागका यी दिनहरूमा मलाई गहन रूपले सहायता गरेको छ।

***तपाईं WWW.SERMONSFORTHEWORLD.COM मा पैंतालिसवटा भाषामा शब्द-शब्दसहितका सयौं सन्देशहरू र पाठहरू पढ्न सक्नुहुन्छ।***

१ मार्च होप स्ट्रीटको भवनमा हाम्रो अन्तिम आइतबार थियो। वर्षको (सन् २०२०)बाँकी समयमा कोरोना भाइरसको कारण हामी दुईवटा घरमा भेला भयौं। प्रत्येक हप्ता म पाठ भिडियोमा रेकर्ड गर्छु, जुन दुईवटा घरमा देखाइन्छ। भिडियोको शिक्षा सकेपछि हामी रातिको भोजन खान्छौं।

'जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।' (फिलिप्पी ४:१३)

२ फरवरीमा बिहान र बेलुकीका सेवाहरूमा हामीले चिनियाँ नयाँ वर्ष मनायौं।

मेरो ७९ औं जन्म दिन १२ अप्रेलमा थियो। श्रीमती हिमर्सको जन्म दिन हामीले १६ अप्रेलमा मनायौं। म भन्न सक्छु, 'धेरै स्त्रीहरूले उत्तम कुराहरू गर्छन्, तर तिनीहरू सबैलाई तिमीले जितेकी छ्यौ।' (हितोपदेश ३१:२९)

२७ सेप्टेम्बरमा चर्चले हाम्रो ३८औं विवाह वार्षिकी मनायो। पछिल्लो वर्षदेखि म तल्लो आन्द्राको रोगले पीडित छु, जसको कारण मेरो निम्ति उभिएर प्रचार गर्नु असम्भव भएको छ। केन्सरको कारण मैले तीव्र विकिरण लगाएकोले मेरो नसा नष्ट भएर यो रोग उत्पन्न भएको हो, जुन क्रोहन रोगजस्तो हो।

तापनि त्यही वर्ष, परमेश्वरले हाम्रो कामलाई आशिष् दिनुभएको छ। हामीले हाम्रो वेबसाइट www.sermonsfortheworld.com मा तीनवटा भाषामा शब्द-शब्दसहितका बाइबल अध्ययनहरू र सन्देशहरू थप्यौं। हामीले ४३औं भाषाको रूपमा म्यानमार (बर्मा)को स्थानीय भाषा खोङ्गसो चिन थप्यौं। हामीले भारतको अर्को भाषा मलयालम पनि बाम्रो ४४औं भाषाको रूपमा थप्यौं। अनि हामीले श्रीलङ्काको भाषा सिनहला ४५औं भाषाको रूपमा छप्यौं।

म हरेक हप्ता सारा संसारबाट सुन्दर ईमेलहरू प्राप्त गर्दछु, जबाँ ती पाठहरू र प्रवचनहरूले उनीहरूलाई धेरै सहायता पुगेको कुरा लेख्छन्।

२ जुलाईमा होप स्ट्रीटको हाम्रो पुरानो भवनमा ७ वटा निलम्ब लेख खोलिदियो, हाम्रो छोरा रोबर्टले गरेको कामका निम्ति विशेष धन्यवाद छ।

१३ अक्टुबरमा सम्पूर्ण चर्चले इउगिनी ग्रेसको जीवनको निम्ति उनको बासस्थान रिभर साइड सिमेन्ट्रीमा भएको सेवामा उत्सव मनायो। ९१ वर्षका श्रीमान् ग्रेसको मृत्यु हुनुभन्दा केही घन्टा अघि डा. केगनले उनलाई येशूमा विश्वास गराएका थिए। श्रीमान् ग्रेस टम जियाका झडकेला बुबा थिए, टम हाम्रो चर्चको असल जवान सदस्य हुन्। केही हप्तापछि डा. केगनले श्रीमान् गेरसकी पत्नी सोफियालाई सुसमाचार सुनाए, र अब उनीसित अनन्त जीवन छ। आशा गर्छौं उनी हामीले सन गब्रिएलमा बप्तिस्मा दिएको पहिलो व्यक्ति हुनेछे। श्रीमती हिमर्सले गाँडी हाँकेर मलाई श्रीमान् ग्रेसको अन्त्येष्टि सेवामा सहभागी हुन रिभरसाइड लगिन्। त्यसपछि उनले मलाई गाडीद्वारा नै अक्सनर्ड लगिन्, जहाँ हामीले समुद्र किनार नजिक आराम गर्दै केही दिन बितायौं।

२२ नवम्बर (आइतबार) को दिन अलहमब्रामा डा. केगनको घरमा हाम्रो धन्यवादको भोज हुनेछ।

म अझै काम गर्दैछु, पाठहरू र सन्देशहरू लेख्दैछु, र डा. केगनलाई सहायता गर्दैछु। अबको केही हप्तापछि म मेरो जीवनको ८१ वर्षमा प्रवेश गर्नेछु। यदि मेरी प्रिय पत्नी एलियाना मेरो साथमा हुँदैनथ्यो भने म काम गर्न सक्ने थिइनँ- र म येशूबाट पनि काम गर्ने शक्ति प्राप्त गर्दछु।

'जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।' (फिलिप्पी ४:१३)

यो येशूको प्रतिज्ञा हो! म मेरा मित्र डा. क्रिस्टिफर एल. केगनको गवाही उल्लेख गर्दै यो पत्र समाप्त गर्दछु।

***तपाईं WWW.SERMONSFORTHEWORLD.COM मा पैंतालिसवटा भाषामा शब्द-शब्दसहितका सयौं सन्देशहरू र पाठहरू पढ्न सक्नुहुन्छ।***

दुई वर्ष अघि ममा शान्ति थिएन। म आफ्नै निम्ति जिइरहेको थिएँ। म परमेश्वरको विषयमा वा म मरेपछि के होला भनी सोच्दिनँ थिएँ। मैले आफैमाथि भरोसा राखेको थिएँ। म परमेश्वरदेखि भागिरहेको र लुकिरहेको थिएँ। मैले कलेजमा 'क' श्रेणी पाए, र धेरै पैसा कमाएँ, तर म एकलो र दुःखी थिएँ।

मैले केही ख्रीष्टियन मित्रहरू भेटें जो मप्रति असल थिए। म चर्च जान थालें। तापनि म आफ्नै प्रकारले जिउन चाहन्थें। एक रात म स्कुलको सेवामा गएँ। एक जना जवानले मैले कहिल्यै नसुनेको असल खबर सुनायो- परमेश्वरले मलाई प्रम गर्नुहुन्छ र मलाई अनन्त जीवन दिन चाहनुहुन्छ। उसले मलाई त्यो जीवन प्राप्त गर्ने तरिका बतायो। त्यो रात मैले येशूमा विश्वास गरें। उहाँले मेरा पापहरू क्षमा गर्नुभयो र मलाई अनन्त जीवन दिनुभयो।

अहिले मसित शान्ति छ। अहिले मसित अनन्त जीवन छ। येशूले मलाई भित्रबाट निको पार्नुभयो। उहाँले मलाई आशा र खुसी दिनुभयो। म अब एकलो छैनँ। म जान्दछु, आज रात म मरें भने म परमेश्वरको साथमा रहन स्वर्ग जानेछु, किनकि येशूले मलाई अनन्त जीवन दिनुभएको छ।

म येशूका निम्ति काम गर्नु धैरै खुसी छु। म उहाँको शक्ति र अनुग्रहबिना, अनि डा. केगन र एलियाना साथै हाम्रो छोरा जोन वेस्लीबिना त्यो गर्न सक्दिनथें, जसले अर्को वसन्तबाट कलेजमा सिराको शल्यक्रिया गर्ने र सोसित सम्बन्धित विषयहरू अध्ययन गर्नेछन्।

येशूले तपाईं र तपाईंको परिवारलाई आशिष् देऊन्। कृपया केन फिलपोट र मेरो निम्ति प्रार्थना गर्नुहोस्, किनकि हामीले येशूद्वारा छुटकाराको विषयमा केन्टको पुस्तक सम्पादन गर्छौं! कृपया, हाम्रो निम्ति प्रार्थना गर्नुहोस्, हामीले सन गब्रिएलमा नयाँ चिनियाँ चर्च सुरु गर्न लागेका छौं।



डा. हिमर्स र उनकी पत्नी एलियाना, उनका छोरा रोबर्ट, रोबर्टकी पत्नी जिन, रोबर्टका दुई छोरी हन्नाह र सारा। तिनीहरूको अर्को बच्चा चाँडै होस् भनी म प्रार्थना गर्दैछु।

सधैं ख्रीष्टको प्रशंसा होस्!



रेभ. आर.एल. हिमर्स, जुनियर,
डीमिन. डी रेल., टीएचडी. लिट.डी.
फिलिप्पी 4:13

समझदारीको मार्गबाट तर्किने मानिस मृतकहरूको सङ्गतमा लेट्न पुग्छ।" (२१:१६)

***तपाईं WWW.SERMONSFORTHEWORLD.COM मा पैंतालिसवटा भाषामा शब्द-शब्दसहितका सयौं सन्देशहरू र पाठहरू पढ्न सक्नुहुन्छ।***